**निर्णय नं. १:**
यस न.पा.मा कार्यरत नगर प्रहरीहरुलाई अतिरिक्त काम गरे वापत २०७४ कार्तिक मसान्तसम्म प्रतिदिन रु. ७० (सत्तरी) का दरले रासन भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. २:**
दैनिक ज्यालादारीमा कार्यरत सरसफाईकर्मीहरुलाई अतिरिक्त समय बिहान/बेलुका काम गरे वापत डोर हाजिरी भरेर एक महिनाको अतिरिक्त प्रोत्साहन भत्ता दिने निर्णय गरियो ।

**निर्णय नं. ३:**
नगरपालिकाको डम्पिङ्ग साइडमा फोहर व्यवस्थापन गर्दा भएको खर्च रु. १,३२,२१०।– (एक लाख बत्तीस हजार दुई सय दश रुपैंया) भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ४:**
नगरपालिका कार्यपालिका बैंठकमा कार्यकारी अधिकृत र लेखा अधिकृत साथै वडाको बैंठकमा वडा सचिवले मात्र बैंठक भत्ता पाउने र अन्य कर्मचारीलाई माइन्यूट लेखन प्रयोग गरिएमा सोही कर्मचारीको बैंठक भत्ताबाट मिलान गरी भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५:**
मिति २०७४।०५।२७ गते गठित तपशिल बमोजिम सवारी साधन सञ्चालन तथा मर्मत समितिलाई अनुमोदन गर्ने र सवारी साधन मर्मतको विलहरु समितिको सिफारिसमा मात्र भुक्तानी दिने निर्णय गरियो ।

**तपसिल**
१. संयोजक श्री गुप्तनाथ भट्टराई
२. सदस्य श्री चित्र बहादुर भण्डारी
३. सदस्य श्री रविन्द्र राज चौधरी
४. सदस्य श्री राजेन्द्र कुमार श्रेष्ठ
५. सदस्य सचिव श्री चन्द्रमणी आचार्य

साथै पुरानो भुक्तानी बाँकी भएका वीलहरुका सम्बन्धमा समितिबाट प्रतिवेदन कार्यपालिका बैंठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६:**
नगर स्वास्थ्य केन्द्रमा कार्यरत अ.हे.व.लाई प्रति महिना १६,०००।– (सोह्र हजार) र का.स.लाई १०,०००।– (दश हजार) दिन आवश्यक बजेट ४,७४,५००।– (चार लाख चौहत्तर हजार पाँच सय) स्वास्थ्य सेवा विभागबाट माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७:**
२०७४ साल विजया दशमीको अवसरमा शुभकामना आदान प्रदान एवं चियापान कार्यक्रम संचालनका लागि तपशिल बमोजिम समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिल**
१. संयोजक श्री राजेन्द्र हमाल
२. सदस्य श्री कृष्ण चौधरी
३. सदस्य श्री शशिभक्त न्यौपाने
४. सदस्य श्री रिता वि.क.
५. सदस्य श्री सरस्वती लामा

**निर्णय नं. ८:**
यस नगरपालिकाका निर्वाचित जनप्रतिनिधी श्री भोले चौधरी, रत्ननगर–८ र ठूलो कान्छा तमाङ्ग, रत्ननगर–१२ बिरामी भै हाल अस्पतालमा उपचाररत रहेको र घरायसी आर्थिक अवस्था अत्यन्त कमजोर भएकोले न.पा.को तर्फबाट उहाँहरुलाई क्रमश: रु. ५०,०००।– (पचास हजार) र रु. ३०,०००।– (तीस हजार) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो । साथै अस्पतालको प्रेस्कीप्सन र औषधीको वील पेश भएपछि भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ९:**
फोहर व्यवस्थापन सुव्यवस्थित बनाउन नगरपालिकाको ट्याक्टर कम हुन गई भाडामा ट्याक्टर लिई काममा लगाउनु पर्ने भएकोले कार्यालयको फोहर फाल्ने गाडी मर्मत नभएसम्मका लागि मासिक रु. ५०,०००।– (पचास हजार) भुक्तानी गर्ने गरी, तेल र मर्मत सम्पूर्ण गाडी धनीले व्यहोर्ने गरी सम्झौता गरी भाडामा लिने निर्णय गरियो ।

नारायण बन
नगर प्रमुख

**निर्णय नं. १०:**

यस नगरपालिका कार्यालयका इन्जिनियर श्री प्रकाश चन्द्र ढुङ्गाना माथि मिति २०७४ असोज १ गते कार्यालय समयभित्र निजकै कार्यकक्षमा गई छलफल र वार्ताबाट समस्या समाधान गर्ने विकल्पको न्यूनतम सिद्धान्तको पनि उपयोग नगरी कानूनी राज्यको उपहास गरी जुन दुर्व्यवहार भएको प्रति नगरपालिकाको स्तब्ध बनेको छ। यस घटना प्रति दुखः व्यक्त गर्दै स्थानीय प्रशासन समक्ष उक्त घटनाको निष्पक्ष छानविनको लागि अनुरोध गर्दछु।

**निर्णय नं. ११:**

यस कार्यालयमा कार्यरत सरसफाईकर्मी भक्तु दरैको छोराको दुःखद निधन प्रति गहिरो दुःख व्यक्त गदै मृत आत्माको चिर शान्तिको कामना गर्दै परिवारजन प्रति हार्दिक समवेदना प्रकट गर्ने र सो सम्बन्धमा आवश्यक छानविनका लागि इलाका प्रहरी कार्यालयमा अनुरोध गरी पठाउने निर्णय गरियो।

**निर्णय नं. १२:**

विगत वर्षदेखि रत्नगनर न.पा. र रत्ननगर उद्योग वाणिज्य संघको सहकार्यमा संचालन हुँदै आइरहेको रत्ननगर महोत्सव यो वर्षबाट रत्ननगर नगरपालिका संरक्षक रही कार्यक्रम संचालन गर्न आवश्यक सहयोग गर्ने निर्णय गरियो।

नारायण वन
नगर प्रमुख